# फौजदारी न्यायमा राजनैतिक हस्तक्षेप र महान्यायाधिवक्ताको भूमिका

त्रिभुवन विश्व विद्यालय

मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिको

प्रयोजनका लागि

प्रस्तुत

## शोधप्रबन्ध


**शोधार्थी**

देवनारायण कार्की

त्रिभुवन विश्वविद्यालय

काठमाडौं, नेपाल


२०६३

# शोधप्रवन्ध समितिको सिफारिसपत्र

फौजदारी न्यायमा राजनैतिक हस्तक्षेप र महान्यायाधिवक्ताको भूमिका शिर्षकको यो शोधपत्र श्री देवनारायण कार्कीले हाम्रो सुपरिवेक्षणमा तयार पार्नुभएको हो । उहाँलाई राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधि प्रदान गर्नका लागि यस शोधपत्रको अन्तिम मूल्यांकन गर्ने व्यवस्था हुन हामी त्रि.वि. मानविकि तथा सामाजिक शास्त्र संकायको अनुसन्धान समिति समक्ष सिफारिस गर्दछौं ।

**शोधपत्रपन्ध समिति**

**मिति** : २०६३/११/२८

............................

प्रा.डा. पन्नाकाजी अमात्य

शोध निर्देशक

......................

प्रा.डा. रामकुमार दाहाल

शोध विशेषज्ञ

# अनुमोदन पत्र

फौजदारी न्यायमा राजनैतिक हस्तक्षेप र महान्यायाधिवक्ताको भूमिका शिर्षकमा विद्यावारिधि (पिएच.डी) शोधकार्य गर्ने शोधार्थी श्री देवनारायण कार्कीले राजनीतिशास्त्र विषयमा विद्यावारिधि उपाधिका लागि परिपूर्ति गर्नुपर्ने आवश्यक प्रकृया पूरा गरी अन्तिम मूल्यांकनका लागि त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकायको अनुसन्धान समितिमा शोधप्रवन्ध बुझाएकोमा अनुसन्धान समितिले उपर्युक्त शोधकार्य विद्यावारिधि उपाधि दिनका लागि उपयुक्त ठहऱ्याई विद्यावारिधि उपाधि प्रदान गरेको कुरा प्रमाणित गरिन्छ।

मिति : ........................

...........................

प्रा. डा. नवराज कणेल

डीन तथा अध्यक्ष

अनुसन्धान समिति

मानविकी तथा सामाजिक शास्त्र संकाय

त्रि.वि. किर्तिपुर

काठमाडौं

नेपाल

## कृतज्ञता ज्ञापन

प्रश्तुत शोधग्रन्थ त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत राजनीतिशास्त्र विषयमा "फौजदारी न्यायमा राजनैतिक हस्तक्षेप र महान्यायाधिवक्ताको भूमिका" शिर्षकमा विद्यावारिधि उपाधि प्राप्त गर्ने प्रयोजनका लागि तयार गरिएको हो । मूलतः वि.सं. २०४६ सालमा प्रजातन्त्र पुनर्वहाली भएदेखि २०५९ साल अशोज १८ गते नेपालका राजा श्री ५ ज्ञानेन्द्र बीर विक्रम शाहदेबले ऐतिहासिक शाही घोषणा मार्फत् नेपालको राजनीतिमा भएको परिवर्तनसम्मको समयावधिमा सिमित भई तयार गरिएको छ । विभिन्न प्रकाशित तथा अप्रकाशित सामाग्री तथा सम्वन्धित क्षेत्रमा लामो अनुभव हासिल गर्नुहुने पदाधिकारी र व्यक्तित्वहरुसंगको भेटवार्ताहरुलाई अध्ययन सामाग्रीको रुपमा ग्रहण गरी तयार गरिएको यस शोधग्रन्थमा अपराधको वारदात भएदेखि शुरुहुने अनुसन्धान, अभियोजन, सुनुवाई र फैसला कार्यान्वयनसम्म हुने सम्पूर्ण प्रकृया र तत्सम्वन्धमा हुने राजनैतिक र अन्य प्रकारका हस्तक्षेप र अनुचित प्रभावका सम्वन्धमा सामान्य जानकारी समेटिएको छ ।

फौजदारी न्याय प्रशासनमाथि राजनैतिक, आर्थिक र अन्य प्रकारका हस्तक्षेप र अनुचित प्रभाव पर्ने गरेको तथ्य दिनको घाम जत्तिकै छर्लङ्ग छ र त्यस्तो हस्तक्षेप र अनुचित प्रभाव पनि पहुचवाला र निजकै माध्यमबाट हुने गरेको पाइन्छ । फलस्वरुप उपरोक्त हस्तक्षेप र अनुचित प्रभावका तथ्य र सामाग्रीहरु सहजरुपमा सार्वजनिक हुदैनन् न त उपरोक्त कार्यमा संलग्न व्यक्ति, पदाधिकारी वा पक्षले नै सहजरुपमा स्वीकार गर्छन् । यति हुदाहुदै पनि यस्तो चूनौतिपूर्ण विषयमा अनुसन्धान गर्नु निश्चयनै कठिन भएको तथा नेपालको फौजदारी न्यायमा पर्ने राजनैतिक प्रभाव र हस्तक्षेपको विषयवस्तुलाई आधार वनाएर नेपालको विश्वविद्यालयमा तयार गरिएको यस्तो प्रकारको यो पहिलो शोधग्रन्थ भएकोले पनि अत्यन्तै धेरै महानुभावहरुको सहयोगबाट मात्रै यस अवस्थामा तयारगर्न सकिएको छ । उहाँहरु सवैप्रति कृतज्ञता र हार्दिक आभार प्रकट गर्नु एउटा शोधार्थीको कर्तव्य भएकोले सर्वप्रथम त्यसलाई स्थान दिन चाहन्छु ।

सवैभन्दा पहिले म मेरा शोध निर्देशक प्रा. डा. पन्नाकाजी अमात्यप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु जसले फौजदारी न्यायमाथि हुने राजनैतिक हस्तक्षेप जस्तो चूनौतिपूर्ण विषयमा अनुसन्धान गर्नको लागि निरन्तररुपमा मलाई हौसला र प्रोत्साहन दिनुभयो । यसैगरी त्रिभुवन विश्वविद्यालय मानविकि तथा सामाजिक शास्त्र संकाय डिन अफिसका पूर्व डिन प्रा.डा. त्रिरत्न मानन्धरले अनुसन्धान पद्धतिका सम्वन्धमा मलाई गर्नुभएको सहयोग र सहायक डिन प्रा. डा. निरञ्जन शर्माले सामाग्री संकलन लगायतका कार्यमा पुऱ्याउनु भएको सहयोगलाई विर्सन सकिन्न । यसैगरी बरिष्ठ अधिवक्ता तथा राजनैतिक मुद्दा सम्वन्धी कार्यदलका सदस्य श्रीहरि अर्याल, अधिवक्ता मदनकुमार डंगोल तथा डा. बालचन्द्र मिश्रप्रति पनि म उत्तिकै आभारी छु । जसले अनुसन्धानको क्रममा धेरै जानकारीहरु र संवद्ध पुस्तकहरुको सूची तथा अन्य प्रकारका सामाग्रीहरु समेत उपलव्ध गराई हरेक सहयोगहरु उपलव्ध गराइदिनुभएको छ ।

अनुसन्धानका क्रममा अन्तर्वार्ता दिएर (कुराकानी गरेर) मलाई सहयोग गर्नु हुने पूर्व महान्यायाधिवक्तहरुमा क्रमशः कृष्णप्रसाद घिमिरे, मोतिकाजी स्थापित, कृष्णराम श्रेष्ठ, शुशिल पन्त, बद्रिबहादुर कार्की, सर्वज्ञरत्न तुलाधर, महादेव यादव तथा यज्ञमूर्ति बञ्जाडेको गुणलाई पनि म कहिल्यै विर्सन सक्दिन । अनुसन्धानकै क्रममा महान्यायाधिवक्ताको कार्यालयका अनुसन्धान अधिकृत बज्रेश प्याकुरेलले महान्यायाधिवक्ताको कार्यलयमा भएका विभिन्न अध्ययन सामाग्रीहरु

तथा कानून मन्त्रालयका उपसचिव विष्णुकाजी थापाले कानून मन्त्रालयबाट उपलब्ध हुनसक्ने अध्ययन सामाग्रीहरु उपलब्ध गराएर महत्वपूर्ण सहयोग गर्नुभएकोले उहाहरुप्रति पनि आभार प्रकट गर्न चाहन्छु ।

सहयोगकै क्रममा अन्तर्वार्ता दिनुहुने फौजदारी कानूनका प्राध्यापक डा. रजितभक्त प्रधानाङ्ग, विभिन्न प्रकारका अध्ययन सामाग्रीहरु जस्तै सर्वोच्च अदालतबाट निर्णय भएका फैसला तथा विभिन्न प्रकारका अभियोगपत्र समेत उपलब्ध गराउनुहुने अधिवक्ता प्रकाश राउतको सहयोगप्रति पनि म उत्तिकै ऋणी रहेको छु भने शोधपत्रको गहन अध्ययन गरी महत्वपूर्ण सल्लाह, सुझाव र अध्ययन सामाग्री उपलब्ध गराइदिनुहुने अधिवक्ता डा. शंकरकुमार श्रेष्ठको प्रयाप्त सहयोग प्राप्त नभएको भए यो शोधग्रन्थ यस आकारमा तयार हुन सम्भव हुदैनथ्यो । त्यसैले उहाँहरुप्रति पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु ।

यस बाहेक विभिन्न सन्दर्भ सामाग्रीहरुको संकलनको क्रममा काठमाडौंको जमलस्थित कानून आयोगको केन्द्रीय कानून पुस्तकालय, त्रि.वि. केन्द्रीय पुस्तकालय, नेपाल बार एसोसियसन पुस्तकालय,सर्वोच्च अदालत पुस्तकालय, राष्ट्रिय पुस्तकालय हरिहर भवनबाट पनि मैले प्रशस्तै सहयोगहरु पाएको छु । साथै आदरणीय गुरुहरु, शोध निर्देशक प्रा.डा. पन्नाकाजी अमात्य, शोध विशेषज्ञ प्रा.डा. रामकुमार दाहाल तथा विशेष रुपमा सहयोग गर्नुहुने आदरणीय गुरु तथा राजनीतिशास्त्र केन्दीय विभाग प्रमुख प्रा. मोहम्मद हबिबुल्लाह, डा. सह.प्रा. मिना श्रेष्ठ बैद्य, डा. प्रेम शर्मा तथा डा. रवीन्द्र खनालप्रति विशेष रुपमा आभार प्रकट गर्न चाहन्छु ।

कृतज्ञताकै क्रममा प्रश्तुत शोधपत्र टाइप तथा सेटिङ्ग गरी सहयोग गर्नुहुने मेरा भाइहरु हरिओम कार्की तथा विश्वनाथ कार्कीका साथै विशेष प्रकारको हौसला र सल्लाह दिने पिता इन्द्रवहादुर कार्की तथा माता सानुनानी कार्की र गुरु मुकुन्द पोखरेल तथा अनुसन्धान कार्यको हरेक मोडमा साथ दिने मेरी श्रीमति भवानी खत्री कार्कीप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

देवनारायण कार्की

सिरुटार, भक्तपुर

मिति : २०६३/११/२८

# शोधसार

## १. शोधक्षेत्रको परिचय :

समाजमा कुनै पनि आपराधिक गतिविधि वा कार्य भएका कारण पीडित व्यक्ति अड्डा अदालतमा उजुरी गर्न आएदेखि प्रारम्भ हुने कार्यहरु जस्तै अपराधको अनुसन्धान तहकिकात, अभियोजन, सुनुवाई, फैसला, पुनरावेदन, फैसला कार्यान्वयन एवम् दण्ड व्यवस्थापन आदि सम्पूर्ण कार्यलाई व्यवस्थित ढंगबाट सञ्चालन गर्ने कार्यविधिलाई नै हामी फौजदारी न्याय प्रशासन भन्दछौं ।

न्याय प्रशासन अन्तर्गतका यिनै कार्यहरु गर्ने निकाएहरु अर्थात् अपराधको अनुसन्धान तहकिकात गरी सो को प्रतिवेदन सरकारी वकील कार्यालय समक्ष बुझाउने जिम्मेवारी र दायित्व बोकेको प्रहरी (अनुसन्धान अधिकारी), सो प्रहरी प्रतिवेदनको आधारमा अभियोजन कार्य गरी अदालतमा अभियोगपत्र तयार गरी मुद्दा दायर गर्ने वा अभियोग पत्र दायर गर्न नपर्ने अर्थात् मुद्दा चलाउन नपर्ने निर्णय गर्ने सरकारी वकील, सरकारी वकीलले अभियोग पत्र दायर गरिसकेपछि मुद्दाको सुनुवाई गरी फैसला सुनाउने अदालत नै अनुसन्धान कार्यको लागि प्रमुख शोधक्षेत्र अन्तर्गत पर्दछन् भने अदालतले अपराधी ठहर गरि कैद सजाँय समेत तोकेर कारागारमा पठाएको कैदी ( अपराधी) लाई कारागारमा राख्ने र निजको आचरण समेतको रेकर्ड राखी सोही रेकर्डको आधारमा अपराधीको कैद सजाँय माफि मिनाहा दिने वा घटाउने कार्यमा प्रमूख भूमिका निर्वाह गर्ने निकाए कारागार (जेल) प्रशासनलाई पनि अनुसन्धान कार्यको लागि शोध क्षेत्रको रुपमा शोधपत्रमा समावेश गरिएको छ ।

## २. शोध समस्या

क. नेपालमा अपराध अनुसन्धानको कार्य किन फितलो र प्रभावहिन हुने गरेको छ ? र किन यसतर्फ महान्यायाधिवक्ताको भूमिका निष्कृय रहेको छ ?

ख. अभियोजन कार्यमा सरकारी वकीलको भूमिका प्रभावकारी नहुनु र त्यसमा महान्यायाधिवक्ता मौन रहनुको कारण के हो ?

ग. अधिकांश सरकारवादी फौजदारी मुद्दाहरु सुनुवाइका लागि अदालतमा दायर भइसकेपछि पनि फिर्ता लिनुको कारण, मिलापत्र गर्नुको कारण के हो ? यसका साथै अधिकांश फौजदारी अपराधमा अपराध हुँदाहुँदै पनि अभियुक्तहरुले सुनुवाइको क्रममा अदालतबाटै सफाई पाउनुको कारण के हो ?

## ३. शोधकार्यको उद्देश्य

क. अनुसन्धान कार्य प्रभावहिन र स्तरहिन हुनुको कारण र त्यसको रोकथामको उपाए पत्ता लगाउने

ख. पहुँचवाला संलग्न अपराधको अभियोजन कार्य प्रभावहिन हुनु र त्यसमा महान्यायाधिवक्ता समेत मौन रहनुको कारण र त्यसको रोकथामको उपाए पत्ता लगाउने।

ग. पहुँचवाला संलग्न अपराधमा सुनुवाइको क्रममा सरकारी वकीलको भूमिका प्रभावहिन देखिनु र सफाई पाउनुको कारण र सरकारवादी फौजदारी मुद्दा सफलताको दर बढाउने उपाए पत्ता लगाउने ।

## ४. शोधविधि

### क. मौलिक श्रोतहरु

प्रश्तुत शोधपत्र तयार गर्नको लागि गरिएको अनुसन्धानका मौलिक श्रोतहरु मध्ये प्रश्नावलीलाई पनि लिइएको छ । जस अन्तर्गत अनुसन्धानकार्यलाई सहयोग र पुष्टि हुने प्रकारले पूर्व निर्धारित खुल्ला प्रश्नहरुको प्रयोग गरिएको छ ।

- शोधकार्यको लागि तयार गरिएको प्रश्नावली सरकारी वकील र मातहतका कर्मचारीहरु ३५, अनुसन्धान अधिकारी (प्रहरी कर्मचारी) तथा न्यायाधिस र अदालतका कर्मचारी ७, स्वतन्त्र ६५ गरी कुल १०७ जनासंग लिइएकोमा शोधपत्रलाई सहयोग पुग्ने उत्तरदाताहरुको उत्तरलाई मात्र शोधपत्रमा समावेश गरिएको छ ।
- प्रश्तुत शोधपत्रलाई अझ बढि प्रभावकारी वनाउने उद्देश्यले तत्काल उपलव्ध हुनसकेको प्रतिवेदनहरुमा उल्लेखित विषयवस्तुलाई समेत शोधपत्रमा समावेश गरिएको छ ।
- यसैगरी तत्काल उपलव्ध भएको राजनैतिक मुद्दा सम्वन्धी कार्यदलको माइन्युटको विषयवस्तुलाई पनि शोधपत्रमा समावेश गरिएको छ भने सोही राजनैतिक मुद्दा सम्वन्धी कार्यदलका प्रतिनिधिलाई फिर्ता बोलाइएको पत्रलाई समेत शोधपत्रमा आधार मानिएको छ ।

### ख. सहायक सामाग्रीहरु

प्रश्तुत शोधपत्र तयार गर्ने क्रममा सहायक सामाग्रीको रुपमा पुस्तकालय अध्ययनलाई पनि लिइएको छ । यसरी पुश्तकालय अध्ययनका क्रममा उपलव्ध भएका निम्न प्रकारका सामाग्रीहरुलाई समेत सहायक सामाग्रीको रुपमा शोधपत्रमा समावेश गरिएको छ ।

- पुस्तक

- पत्रपत्रिकाका लेख रचना तथा समाचारहरु
- जर्नलहरु

### ग. संकलित तथ्यहरुको सत्यापन

अनुसन्धानको क्रममा शोधपत्रमा पादटिप्पणी तथा सन्दर्भसामाग्रीको रुपमा समाविष्ट सामाग्रीहरुको सत्यापन गराउनुपर्ने अर्थात उक्त सामाग्रीहरु आधिकारिक हुनुपर्ने जानकारी अनुसन्धानकै क्रममा प्राप्त भएकाले शोधपत्रमा उल्लेखित सामाग्रीहरुको सत्यापनको लागि निम्न उपाए अवलम्वन गरिएको छ ।

- अनुसन्धानको क्रममा शोधपत्रको लागि आवश्यक अन्तर्वार्ता दिने व्यक्ति तथा पदाधिकारीहरुको व्यक्तित्व तथा हैसियत (सरकारको प्रमुख कानूनी सल्लाहकार महान्यायाधिवक्ता, प्रहरीका उच्च पदस्थ अधिकारी तथा राजनैतिक तथा पेशागत क्षेत्रमा समेत ख्यातिप्राप्त कानून व्यवसायी)का आधारमा शोधपत्रमा उल्लेखित सामाग्रीहरुको सत्यापन गराउने प्रयास गरिएको छ । जस अन्तर्गत एकै प्रकारका प्रश्नहरु विभिन्न शैलिमा फरक व्यक्ति तथा पदाधिकारीहरुलाई सोधिएको हो ।
- यसरी उत्तरदाताहरुबाट आएका तथ्यहरुलाई सम्भव भएसम्म र उपलव्ध भएसम्म तत्कालिन समयमा प्रकाशित पत्रपत्रिका र समाचारहरु तथा सम्वन्धित क्षेत्रका अन्य ज्ञाताहरुसंगको कुराकानीका आधारमा भिडाएर एकिन गरेर मात्र शोधपत्रमा समावेश गरिएको छ ।

## ५. शोधकार्यको प्रमुख निष्कर्षहरु

प्रश्तुत शोधपत्र तयार गर्ने क्रममा गरिएको अनुसन्धानबाट नेपालको फौजदारी न्याय प्रशासन अन्तर्गत अपराधको अनुसन्धान तहकिकात गरी सो को प्रतिवेदन सरकारी वकील कार्यालय समक्ष बुझाउने जिम्मेवारी र दायित्व बोकेको प्रहरी (अनुसन्धान अधिकारी)ले कतिपय अवस्थामा आफ्ना उच्च पदस्त अधिकारी, सरकारी वकील राजनैतिक व्यक्तित्व लगायतको दवाव, हस्तक्षेप, प्रलोभन लगायतका तत्वहरुद्वारा प्रभावित भई अनुसन्धान प्रभावकारी रुपमा नगर्ने र प्रभावहिन तथा फितलो प्रतिवेदन तयार गर्ने, सो प्रहरी प्रतिवेदनको आधारमा अभियोजन कार्य गरी अदालतमा अभियोगपत्र तयार गरी मुद्दा दायर गर्ने वा अभियोग पत्र दायर गर्न नपर्ने अर्थात् मुद्दा चलाउन नपर्ने निर्णय गर्ने सरकारी वकीलले पनि सोही बमोजिम अदालतका न्यायाधिश वा कर्मचारी, उच्च पदस्त सरकारी वकील र महान्यायाधिवक्ता, राजनैतिक व्यक्तित्व तथा उच्च पदस्त प्रहरी कर्मचारी समेतका दवाव, हस्तक्षेप, अनुचित प्रभाव र प्रलोभन आदिका कारण अभियोग पत्र प्रभावहिनरुपमा तयार गरी दर्ता गर्ने वा मुद्दा नै नचलाउने निर्णय गर्ने तथा सरकारी वकीलले अभियोग पत्र दायर गरिसकेपछि मुद्दाको सुनुवाई गरी फैसला सुनाउने अदालतले पनि राजनैतिक व्यक्तित्वका अलावा महान्यायाधिवक्ता लगायतका उच्च पदस्त सरकारी वकील, उच्च पदस्त प्रहरी अधिकारीहरु लगायतका व्यक्तिहरुद्वारा प्रभावित भई प्रभावहिन सुनुवाई गरी अभियुक्तलाई आपराधिक

दायित्वबाट उन्मुक्ति दिलाउने कार्य गर्ने गर्दछन् । यसैगरी अदालतले अपराधी ठहर गरि कैद सजाँय समेत तोकेर कारागारमा पठाएको कैदी (अपराधी) लाई कारागारमा राख्ने र निजको आचरण समेतको रेकर्ड राखी सोही रेकर्डको आधारमा अपराधीको कैद सजाँय माफि मिनाहा दिने वा घटाउने कार्यमा प्रमूख भूमिका निर्वाह गर्ने निकाए कारागार (जेल) प्रशासन पनि यसै प्रकारको राजनैतिक र प्रशासनिक हस्तक्षेप, दवाव र अनुचित प्रलोभनमा परी अपराधीको रुपमा कारागारमा परेका कैदीहरुको कैद सजाँय माफि मिनाहा दिन तथा घटाउन सिफारिस गर्ने गरेको पाइन्छ । जसलाई बुदागत रुपमा निम्न बमोजिम उल्लेख गरिएको छ ।

क. समग्रमा फौजदारी न्याय प्रसासनका सम्वन्धमा भएका कानूनी व्यवस्थाहरु प्रभावकारी भएपनि कार्यान्वयनको पक्षमा निकै कमी कमजोरीहरु रहेको छ ।

ख. अनुसन्धान अधिकारीहरु आफ्नो संगठनको उच्च तहका पदाधिकारीहरुको दवाव, आर्थिक प्रलोभन लगायतका अन्य विविध तत्वहरुवाट प्रभावित हुनुको साथै अभियोजन तह सरकारी वकीलको तर्फबाट समेत प्रभावित भएको पाइन्छ ।

ग. सरकारी वकीलहरु महान्यायाधिवक्ताको दवाव, आर्थिक प्रलोभन लगायतका तत्वहरुवाट प्रभावित हुने गरेको पाइन्छ ।

घ. अदालत सरकारी वकीलको प्रलोभन, आर्थिक प्रलोभन, विभिन्न प्रकारका राजनैतिक हस्तक्षेप लगायतका तत्वहरुबाट प्रभावित भएको पाइन्छ ।

ङ. प्रभावित भएपश्चात् अनुसन्धान अधिकारीले फितलो अनुसन्धान गर्ने, सरकारी वकीलले फितलो अभियोजन गर्ने र अदालतले प्रभावहिन सुनुवाई गरी वास्तविक अभियुक्तलाई बचाउने गरेको पाइन्छ

च. फौजदारी न्याय प्रशासन माथि हुने राजनैतिक लगायतका हस्तक्षेपहरु रोक्नको लागि मुलत यससंग सम्वन्धित व्यक्ति तथा पदाधिकारीहरुको चरित्र सुधार गर्नुका अलावा आंशिक रुपमा कानून समेतमा सुधार गर्नुपर्दछ ।

## ६. अनुसन्धानका उपलब्धिहरु तथा योगदानहरु

- फौजदारी न्यायका ऐतिहाँसिक पक्षका सम्वन्धमा उद्गमनकालदेखि हालसम्मको एकसरो जानकारी समावेश गरिएको छ ।
- अपराधको परिचयका बर्गिकरण, आवश्यक तत्व, अपराधका चरण र पक्षहरु त्था प्रतिरक्षा सम्वन्धी संक्षिप्त जानकारी समावेश गरिएको छ ।
- फौजदारी न्याय अन्तर्गत कुन कुन चरणमा कुन कुन प्रकृया अपनाई कुन कुन कार्यहरु कुन कुन निकाएले गर्दछन् भन्ने सम्वन्धमा कानूनी तथा व्यवहारिक जानकारी प्रस्तुत गरिएको छ ।

- फौजदारी न्याय अन्तर्गत कुन कुन चरणमा के कस्तो रुपमा हस्तक्षेप र अनियमितता हुन्छन् र त्यसको परिणाम र असर के के हुन्छन् भन्ने सम्वन्धी जानकारी प्रस्तुत गरिएको छ ।
- फौजदारी न्यायमाथि हुने हस्तक्षेप नियन्त्रणका लागि गर्नुपर्ने सुधार सम्वन्धी सुझाव प्रस्तुत गरिएको छ ।
- फौजदारी न्यायमाथि हुने हस्तक्षेप र अनियमितताका सम्वन्धमा गर्नुपर्ने थप अध्ययनको विभिन्न क्षेत्रको पहिचान गरिएको छ ।

## विषयसूचि


| | | |
|---|---|---|
| शोधप्रवन्ध समितिको सिफारिसपत्र | | क |
| अनुमोदन पत्र | | ख |
| कृतज्ञता ज्ञापन | | ग |
| शोधसार | | घ |
| संक्षिप्तीकरण | | ब |
| अध्याय १ | परिचय | १ |
| १.१ | शोधशिर्षक | १ |
| १.२ | शोध प्रयोजन | १ |
| १.३ | परिचय | १ |
| १.४ | समस्या कथन | ३ |
| १.५ | शोधकार्यको उद्देश्य | ८ |
| १.६ | पूर्व कार्यको समीक्षा | १० |
| १.७ | शोधको औचित्य र महत्व | २७ |
| १.८ | शोधको परिकल्पना | २८ |
| १.९ | सामाग्री संकलन विधि | २९ |
| १.९.१ | प्रारम्भिक श्रोत | २९ |
| १.९.२ | सहायक श्रोत | ३० |
| १.१० | शोधको रुपरेखा | ३० |
| १.११ | अध्ययनको सिमांकन | ३० |
| १.१२ | सन्दर्भ सामाग्री | ३१ |
| अध्याय २ | फौजदारी न्याय प्रशासनको ऐतिहासिक पक्ष | ३२ |
| २.१ | उद्‌गमन काल | ३२ |
| २.२ | किराँतकाल | ३३ |
| २.३ | लिच्छवीकाल | ३८ |
| २.४ | मल्लकाल | ४२ |
| २.५ | शाहकाल | ४६ |
| २.५.१ | पृथ्वीनारायण शाह | ५० |
| २.६ | राणाकाल | ५९ |
| २.७ | समिक्षा | ६६ |
| अध्याय ३ | अपराध सम्वन्धी व्यवस्था | ७० |
| ३.१ | परिभाषा | ७० |
| ३.२ | अपराधको वर्गीकरण | ७२ |
| ३.२.१ | आपराधिक कसुरको विषयवस्तुको प्रकृतिको आधारमा | ७३ |
| ३.२.१.१ | लिखत सम्बन्धी अपराध | ७३ |

| | | |
|---|---|---|
| ३.२.१.२ | सम्पती सम्वन्धी अपराध | ७३ |
| ३.२.१.३ | जीउ ज्यान सम्वन्धी अपराध | ७३ |
| ३.२.१.४ | करणी सम्वन्धी अपराध | ७३ |
| ३.२.१.५ | राज्य विरुद्धको अपराध | ७४ |
| ३.२.१.६ | विविध अपराध | ७४ |
| ३.२.२ | फौजदारी मुद्दामा पक्षहरुको प्रतिनिधित्वको आधारमा | ७४ |
| ३.२.२.१ | सरकारवादी हुने फौजदारी अपराध | ७५ |
| ३.२.२.२ | दुनियावादी हुने फौजदारी अपराध | ७५ |
| ३.२.३ | कार्यविधिको आधारमा | ७५ |
| ३.२.३.१ | संक्षिप्त कार्यविधि अपनाइने अपराध | ७५ |
| ३.२.३.२ | सामान्य कार्यविधि अपनाइने अपराध | ७६ |
| ३.२.४ | थुनामा बसेर वा नबसी पुर्पक्ष गर्न सकिने अपराध | ७६ |
| ३.२.४.१ | थुनामा बसेर पुर्पक्ष गर्नुपर्ने अपराध | ७६ |
| ३.२.४.२ | धरौट वा जमानतमा रही पुर्पक्ष गर्नुपर्ने अपराध | ७७ |
| ३.२.४.३ | साधारण तारिखमा रही पुर्पक्ष गर्नुपर्ने अपराध | ७७ |
| ३.२.५ | आपराधिक मष्तिष्क वा मनसाय विद्यमानताको आधारमा | ७७ |
| ३.२.५.१ | परंपरागत अपराध | ७७ |
| ३.२.५.२ | निरपेक्ष दायित्व | ७७ |
| ३.२.५.३ | श्वेतग्रीवी अपराध | ७८ |
| ३.२.५.४ | कुल्पेवल मोरालिटि सम्वन्धी अपराध | ७८ |
| ३.३ | फौजदारी अपराधका आवश्यक तत्वहरु | ७८ |
| ३.३.१ | आपराधिक कार्य | ७८ |
| ३.३.१.१ | सकारात्मक र नकारात्मक कार्य | ७९ |
| ३.३.१.२ | स्वऐच्छिक र अनैच्छिक कार्य | ७९ |
| ३.३.१.३ | मनसायपुर्वक र मनसायरहित कार्य | ७९ |
| ३.३.२ | आपराधिक मस्तिष्क वा मनसाय | ८० |
| ३.३.२.१ | मनसाय | ८० |
| ३.३.२.२ | लापरवाही | ८० |
| ३.३.२.३ | हेलचक्र्यांई | ८१ |
| ३.३.२.४ | आशय | ८१ |
| ३.४ | अपराधका चरणहरु | ८२ |
| ३.४.१ | मनसाय | ८२ |
| ३.४.२ | तयारी :- | ८२ |
| ३.४.३ | उद्योग :- | ८२ |
| ३.४.४ | पूर्ण अपराध :- | ८३ |

| | | |
|---|---|---|
| ३.४.५ | अपूर्ण अपराध :- | ८३ |
| ३.४.५.१ | उद्योग | ८४ |
| ३.४.५.२ | दुरुत्साहन | ८४ |
| ३.४.५.३ | षडयन्त्र | ८४ |
| ३.४.५.४ | अपराधको परिपञ्च मिलाउनु | ८४ |
| ३.५ | अपराधका पक्षहरु :- | ८५ |
| ३.५.१ | मुख्य अभियुक्त :- | ८५ |
| ३.५.२ | मतियार :- | ८५ |
| ३.५.२.१ | अपराधको वारदात अघिका मतियार | ८५ |
| ३.५.२.२ | अपराधको वारदातका समयका मतियार | ८६ |
| ३.५.२.३ | अपराधको वारदात पछिका मतियार | ८६ |
| ३.६ | सामान्य प्रतिरक्षा सम्वन्धी व्यवस्था : | ८७ |
| ३.६.१ | पूर्णरुपमा आपराधिक दायित्व वहन गर्न नपर्ने अपराधहरु | ८७ |
| ३.६.१.१ | बाल्यावस्था | ८७ |
| ३.६.१.२ | पागलपन | ८८ |
| ३.६.१.३ | भूल | ८८ |
| ३.६.१.४ | मदिरा वा औषधिसेवन | ८९ |
| ३.६.१.५ | आवश्यकता | ८९ |
| ३.६.१.६ | बाध्यता र बलजफ्ती | ९० |
| ३.६.१.७ | उच्च अधिकारीको आदेश | ९० |
| ३.६.१.८ | नीजि प्रतिरक्षा | ९० |
| ३.७ | समीक्षा | ९१ |
| अध्याय ४ | वारदातको समयदेखी अदालती कारवाही सम्वन्धी प्रकृयागत तथा कानूनी व्यवस्थाहरु | ९३ |
| ४.१ | जाहेरी दर्ता | ९५ |
| ४.१.१ | जाहेरी दरखास्त दर्ता सम्वन्धी प्रकृया र तत्सम्वन्धी कानूनी व्यवस्था | ९५ |
| ४.२ | प्रहरी अनुसन्धान | ९७ |
| ४.२.१ | अपराध अनुसन्धान र तहकिकात सम्वन्धी प्रकृयागत तथा कानूनी व्यवस्थाहरु | ९७ |
| ४.२.२ | प्रारम्भिक प्रतिवेदन र अपराध अनुसन्धान तहकिकात | ९७ |
| ४.२.३ | प्रारम्भिक प्रमाण संकलन | ९९ |
| ४.२.४ | भौतिक सबुत प्रमाणको खोजी | १०१ |
| ४.२.५ | शंकास्पद व्यक्तिलाई पक्राउ गर्ने र अनुसन्धानको लागि हिरासतमा लिने, म्याद थप गर्ने तथा हिरासतबाट छोड्ने सम्वन्धी कार्यविधि र कानूनी व्यवस्था | १०१ |

| | | |
|---|---|---|
| ४.२.६ | अभियुक्तको खोजी | १०३ |
| ४.२.७ | बयान | १०४ |
| ४.२.८ | कागज गराउने | १०५ |
| ४.२.९ | खानतलासी | १०५ |
| ४.२.९.१ | खानतलासी लिँदा ध्यानदिनुपर्ने कुराहरु | १०६ |
| ४.२.१० | सनाखत | १०७ |
| ४.२.१०.१ | सनाखत गराउँदा ध्यान दिनुपर्ने कुराहरु | १०८ |
| ४.२.११ | अनुसन्धानका समयमा प्रतिरक्षी वकीलको भूमिका | १०८ |
| ४.२.१२ | अनुसन्धानको समयमा प्रहरीको भूमिका | ११० |
| ४.२.१२.१ | प्रहरी प्रतिवेदन | ११० |
| ४.२.१२.२ | अदालतमा मुद्दा दायर भएपछि प्रहरी कर्मचारीले पालना गर्नुपर्ने कर्तव्यहरु | १११ |
| ४.३ | सरकारी वकीलको भूमिका | ११२ |
| ४.३.१ | प्रहरीले अनुसन्धान गर्नुपुर्व सरकारी वकीलको भूमिका | ११२ |
| ४.३.२ | सरकारी वकीलको कर्तव्य | ११३ |
| ४.३.३ | प्रहरी प्रतिवेदनका आधारमा थप प्रमाण संकलनको आदेश | ११३ |
| ४.३.४ | मुद्दा चल्ने वा नचल्ने निर्णयाधिकार | ११३ |
| ४.३.४.१ | सरकारी वकीलले मुद्दा चल्ने नचल्ने निर्णय गर्ने सम्वन्धी व्यवस्था | ११३ |
| ४.३.५ | अदालतमा मुद्दा दायर भएपछि सरकारी वकीलले पालना गर्नुपर्ने कर्तव्य र दायित्वहरु | ११५ |
| ४.३.६ | अभियोगपत्र दायर | ११७ |
| ४.४ | अदालतमा मुद्दा दर्ता भएपछिको कार्यविधि | १२१ |
| ४.४.१ | दर्ता, दरपिठ | १२१ |
| ४.४.२ | पुरक अभियोगपत्र | १२२ |
| ४.४.३ | वारेन्ट, म्यादी पुर्जी, समाह्वान जारी हुने अवस्था | १२२ |
| ४.४.३.१ | वारेन्ट र म्यादी पुर्जी जारी हुने मुद्दा | १२२ |
| ४.४.३.२ | वारेन्ट र म्यादी पुर्जीमा उल्लेख गर्नुपर्ने कुराहरु | १२३ |
| ४.४.३.३ | वारेन्ट र म्यादी पुर्जीको तामेली | १२४ |
| ४.४.३.४ | वारेन्ट र म्यादी पुर्जी जारी भएकोमा अभियुक्त हाँजिर नभएमा पूरा गर्नुपर्ने कार्यविधि | १२४ |
| ४.४.३.५ | समाह्वान जारी गर्ने प्रकृया | १२४ |
| ४.४.३.६ | म्याद तामेली गर्ने प्रकृया | १२५ |
| ४.४.४ | सुपुदर्गी सम्वन्धी कार्यविधि | १२८ |
| ४.४.५ | बयान र प्रतिवाद सम्वन्धी व्यवस्था | १२९ |
| ४.४.६ | थुनछेक सम्वन्धी व्यवस्था | १३१ |

| | | |
|---|---|---|
| ४.४.६.१ | थुनछेक गर्दा विचार गर्नुपर्ने थप केही कुराहरु | १३१ |
| ४.४.६.२ | थुनछेक आदेश उपर उजुरी सम्वन्धी व्यवस्था | १३५ |
| ४.४.६.३ | अन्तरकालिन आदेश उपर निवेदन दिन सकिने व्यवस्था | १३५ |
| ४.४.७ | तारेख सम्वन्धी व्यवस्था | १३६ |
| ४.४.७.१ | तारेखमा राख्नुपर्ने व्यवस्था | १३६ |
| ४.४.७.२ | तारेखमा राख्नुपर्ने व्यक्ति कैद वा थुनामा परेमा | १३६ |
| ४.४.७.३ | म्याद तारेख गुज्रेमा थमाउने व्यवस्था | १३७ |
| ४.४.८ | वारेस सम्वन्धी व्यवस्था | १३८ |
| ४.४.८.१ | वारेस लाग्ने र नलाग्ने अवस्था | १३८ |
| ४.४.८.२ | वारेस मुकरर | १३८ |
| ४.४.८.३ | वारेस राखेको मुद्दामा मिलापत्र | १३९ |
| ४.४.८.४ | वारेसको योग्यता | १३९ |
| ४.४.८.५ | वारेस बदल्ने वा आफैले सकार गर्ने | १३९ |
| ४.४.८.६ | बिदेशीले वारेस राख्ने व्यवस्था | १३९ |
| ४.४.८.७ | वारेस सम्वन्धी अन्य व्यवस्था | १४० |
| ४.४.८.८ | वारेस अख्तियारनामा दरपिठ गर्ने | १४० |
| ४.४.८.९ | अयोग्य व्यक्ति वारेस राखेमा हुने परिणाम | १४० |
| ४.४.९ | प्रमाण सम्वन्धी व्यवस्था | १४१ |
| ४.४.९.१ | प्रमाण बुझ्ने आदेश | १४१ |
| ४.४.९.२ | लिखत प्रमाण पेश गर्ने | १४२ |
| ४.४.९.३ | सद्देकिर्तेमा सुनाउने व्यवस्था | १४२ |
| ४.४.९.४ | सक्कल लिखत राख्ने सम्वन्धमा | १४३ |
| ४.४.९.५ | प्रमाण बुझ्नुपर्ने कार्य समयमै गर्नुपर्ने | १४३ |
| ४.४.९.६ | प्रमाणमा लिन हुने र नहुने कुराहरु | १४३ |
| ४.४.१० | साक्षी सम्वन्धी व्यवस्था | १४५ |
| ४.४.१०.१ | साक्षी परिक्षण गर्ने समयमा प्रहरी कर्मचारीले पालना गर्नुपर्ने कुराहरु | १४५ |
| ४.४.१०.२ | साक्षीको योग्यता | १४५ |
| ४.४.१०.३ | साक्षी उपस्थित गराउने | १४५ |
| ४.४.१०.४ | अदालतबाटै साक्षी झिकाउने अवस्था | १४६ |
| ४.४.१०.५ | सरकारी मुद्दा सम्वन्धी नियमावली २०५५ मा साक्षी झिकाउने सम्वन्धी व्यवस्था | १४६ |
| ४.४.१०.६ | साक्षी बकाउने प्रकृया | १४७ |
| ४.४.१०.७ | सोधपुछ र जिरह | १४७ |
| ४.४.१०.८ | विशेषज्ञलाई साक्षी सरह बकाउने र जिरह गर्ने | १४७ |
| ४.४.१०.९ | बन्द सवालद्वारा साक्षी बुझ्ने | १४८ |

| | | |
|---|---|---|
| ४.४.१०.१० | कुनै पक्ष उपस्थित नभएमा वा साक्षीले जवाफ नदिएमा वा सही नगरेमा | १४८ |
| ४.४.११ | प्रमाणको भार | १४८ |
| ४.४.१२ | मुल्तबी सम्वन्धी कानूनी व्यवस्था | १४९ |
| ४.४.१२.१ | मुद्दा मुल्तवी रहने अवस्था | १४९ |
| ४.४.१२.२ | मुल्तवी जगाउने अवस्थाहरु | १५० |
| ४.४.१२.३ | अन्य अवस्थाहरु | १५० |
| ४.४.१३ | मुद्धा फिर्ता लिने वा मिलापत्र गर्ने सम्वन्धी व्यवस्था : | १५० |
| ४.४.१४ | मुद्दाको सुनुवाई प्रकृया र फैसला | १५१ |
| ४.४.१४.१ | मुद्दा हेर्ने क्रम | १५१ |
| ४.४.१४.२ | बहस पैरवी | १५२ |
| ४.४.१४.३ | मुद्दा फैसला गर्नुपर्ने अवधि | १५२ |
| ४.४.१४.४ | फैसला | १५३ |
| ४.४.१४.५ | फैसलामा खुलाउनुपर्ने कुराहरु | १५४ |
| ४.४.१४.६ | फैसला गर्दा विचार गर्नुपर्ने अन्य थप केही कुरा | १५५ |
| ४.४.१४.७ | न्यायिक टिप्पणी गर्ने | १५५ |
| ४.४.१४.८ | फैसलामा सामान्य संशोधन | १५६ |
| ४.४.१४.९ | सजायको स्थगन | १५६ |
| ४.४.१५ | पुनरावेदन मुद्दा दोहोऱ्याई पाउ र पुनराबलोकनको निवेदन | १५७ |
| ४.४.१५.१ | पुनरावेदनको म्याद दिने | १५७ |
| ४.४.१५.२ | म्याद थमाउने सम्वन्धी व्यवस्था | १५८ |
| ४.४.१६ | पुनरावेदन, पुनराबलोकन र मुद्दा दोहोऱ्याउने निवेदन | १५८ |
| ४.४.१६.१ | सरकारवादी फौजदारी मुद्दामा पुनरावेदन, पुनराबलोकन र दोहोऱ्याउने निवेदन गर्ने सम्वन्धमा सरकारी वकीलले निर्वाह गर्नुपर्ने दायित्वहरु | १५८ |
| ४.४.१७ | फैसला कार्यान्वयन | १५९ |
| ४.४.१७.१ | फैसला कार्यान्वयन गर्ने गराउने दायित्व र लगत कस्ने व्यवस्था | १५९ |
| ४.४.१७.२ | प्रतिवादीको मृत्यु भएमा | १६१ |
| ४.४.१८ | कैद सजाय सम्बन्धी व्यवस्था | १६२ |
| ४.४.१८.१ | कैद सजाय र असुली | १६२ |
| ४.४.१८.२ | खत खपिने र नखपिने अवस्था | १६३ |
| ४.४.१८.३ | कैद असुल गर्ने प्रकृया | १६३ |
| ४.४.१८.४ | जरीवाना असुल गर्ने प्रकृया | १६५ |
| ४.४.१८.५ | सर्वास्व, जायजात भएपछि बाँकी कैद जरीवाना असुली | १६७ |
| ४.४.१८.६ | जरीवाना, सरकारी विगो असुली सम्वन्धी थप प्रकृया | १६८ |
| ४.४.१८.७ | जायजात गर्दा विचार गर्नुपर्ने कुराहरु | १६९ |

४.४.१८.८ जायजात सर्वोस्व गर्ने सम्वन्धी व्यवस्था १७०
४.४.१८.९ डोर खटाउने र लगत फर्छ्यौट समिति सम्वन्धी व्यवस्था १७४
४.४.१९ सजायमा छुट मिनाहा तथा कमिसन, प्रोत्साहन तथा पुरस्कारको व्यवस्था १७५
४.४.१९.१ सजायमा छुट १७५
४.४.१९.२ कमिसन, प्रोत्साहन तथा पुरस्कारको व्यवस्था १७५
४.४.२० फैसला कार्यान्वयनको कार्यमा सहयोग गर्ने १७६
४.४.२०.१ फैसला कार्यान्वयनमा प्रहरी कर्मचारीले पालना गर्नुपर्ने कर्तव्य र दायित्वहरु १७७
४.४.२१. समिक्षा १७७
अध्याय ५ फौजदारी न्याय प्रशासनमाथि हुने राजनैतिक हस्तक्षेप र महान्यायाधिवक्ताको भूमिका १८१
५.१ फौजदारी न्यायमा महान्यायाधिवक्ताको भूमिका १८१
५.१.१ विषय प्रवेश १८१
५.१.२ महान्यायाधिवक्ताको ऐतिहासिक पृष्ठभूमि १८२
५.१.३ संवैधानिक संरचनाको विकास १८६
५.१.४ वर्तमान कानूनी संरचना १८८
५.१.५ महान्यायाधिवक्ता तथा सरकारी वकीलहरुको काम, कर्तव्यहरु १८९
५.१.६ महान्यायाधिवक्ता मार्फत फौजदारी न्यायमा पर्नसक्ने प्रभाव १९२
५.२ अनुसन्धान तहमा हस्तक्षेप, बदनियत र पक्षपात हुनसक्ने अवस्थाहरु २०२
५.२.१ अनुसन्धान अधिकारी प्रभावित हुन सक्ने आधारहरु २०३
५.२.१.१ आर्थिक लाभ (भ्रष्टाचारबाट प्रभावित) भएमा २०३
५.२.१.२ भोजभतेर वा पिकनिक २०४
५.२.१.३ जुवातास लगायतका खेल २०४
५.२.१.४ सुरा-सुन्दरीको प्रयोग २०४
५.२.१.५ नियमित भेटघाट वा सम्पर्क : २०५
५.२.१.६ नातावाद क्रिपावाद अर्थात् नयाँ नाता सम्वन्ध जोड्नु २०५
५.२.१.७ सरकारी वकील र अनुसन्धान अधिकृतको मिलेमतोमा २०५
५.२.१.८ भनसुन वा सोर्सफोर्स २०६
५.२.१.९ उच्च अधिकारीको आदेश २०६
५.२.१.१० उपहार वा कोशेली प्रदान तथा सहयोग २०६
५.२.१.११ राजनैतिक प्रभाव (हस्तक्षेप) २०६
५.२.१.१२ साझेदारीमा व्यापार वा सहकार्य २०७
५.२.१.१३ कोमल हृदय २०७
५.२.१.१४ मोटरमा पेट्रोल लगायतका इन्धन उपलव्ध गराइदिनु २०८

५.२.१.१५ समाजका लव्ध प्रतिष्ठित व्यक्तिको दवाव २०८
५.२.१.१६ वार काउन्सिलका सदस्यहरुको दवाव २०८
५.२.१.१७ अदालतका कर्मचारीहरुको दवाव २०९
५.२.१.१८ न्यायाधिशको दवाव २०९
५.२.१.१९ प्राइभेट कानून व्यवसायीहरुको दवाव २१०
५.२.२ प्रहरी (अनुसन्धान अधिकारी) प्रभावित भएपश्चातका क्रियाकलापहरु २१०
५.२.२.१ अपराध अनुसन्धान नै प्रभावहिन वनाइदिने २१०
५.२.२.२ अपराधीलाई भाग्ने उम्कने र बच्ने वचाउने अवसर सिर्जना गर्ने २११
५.२.२.३ सबुद प्रमाण लोप वा नष्ट गराउने वा प्रमाणमा नलाग्ने तुल्याउने २११
५.२.२.४ रित नपुर्‍याइ प्रमाण कागजहरु तयार गर्ने गराउने २१२
५.२.२.५ अभियुक्त तथा शंकित व्यक्तिको खोजी एवम् पक्राउ सम्वन्धी कार्यमा निष्कृयता वा वेवास्ता २१२
५.२.२.६ घटनास्थलमा/वारदातस्थलमा समयमै उपस्थित नहुने २१२
५.२.२.७ अनुसन्धान कार्यमा निष्कृयता २१३
५.२.२.८ हस्तक्षेप पश्चातका कार्यका वाधकलाई पाखा लगाउने २१३
५.२.२.९ सरकारी वकीललाई असहयोग २१४
५.२.२.१० निर्दोस व्यक्तिलाई फसाउने २१४
५.२.२.११ यातना दिई साविति गराउने २१५
५.२.२.१२ मुद्दा दायर गरेपछि पन्छिने २१५
५.२.२.१३ जाहेरी दर्ता गर्न आनाकानी वा ढिलासुस्ती गर्ने २१६
५.२.३ यसबाट उत्पन्न असर र विकृतिहरु २१६
५.२.३.१ अभियुक्त भाग्ने, उम्कने अवस्था विद्यमान २१६
५.२.३.२ वारदातस्थलमा समयमै नपुग्ने २१७
५.२.३.३ वारदातस्थलको प्रमाण नष्ट हुने वा नष्ट पार्ने स्थिति उत्पन्न २१७
५.२.३.४ रित नपुर्‍याई सबुद प्रमाण तयार गर्ने २१७
५.२.३.५ अभियुक्तको खोजी र पक्राउ गर्ने कार्यमा निष्कृयता २१८
५.२.३.६ अनुसन्धान प्रभावहिन २१८
५.२.३.७ अनुसन्धान प्रतिवेदन फितलो २१८
५.२.३.८ मुद्दा (अभियोगपत्र) दायर गर्नै नभ्याउने गरी अनुसन्धान प्रतिवेदन तयार गरी सरकारी वकील समक्ष पठाउने २१९
५.२.३.९ प्रयाप्त सवुद प्रमाणको अभावमा मुद्दा दायर गर्न कठिन हुने २१९
५.२.३.१० मुद्दा असफल हुने २१९
५.२.३.११ सरकारी वकीलले मागेको वा चाहेको सहयोग नगर्ने २२०
५.३ महान्यायाधिवक्ता वा सरकारी वकील २२१

| | | |
|---|---|---|
| ५.३.१ | सरकारी वकील तहमा हस्तक्षेप, बदनियत र पक्षपात हुनसक्ने अवस्थाहरु | २२१ |
| ५.३.१.१ | आर्थिक लाभ (भ्रष्टाचारबाट प्रभावित) भएमा | २२१ |
| ५.३.१.२ | भोजभतेर वा पिकनिक | २२२ |
| ५.३.१.३ | जुवातास लगायतका खेल | २२२ |
| ५.३.१.४ | सुरा (मदिरा) को प्रयोग | २२३ |
| ५.३.१.५ | सुन्दरी (भोगविलास) को सुविधा | २२३ |
| ५.३.१.६ | नियमित भेटघाट वा सम्पर्क | २२४ |
| ५.३.१.७ | नातावाद क्रिपावाद अर्थात् नयाँ नाता सम्वन्ध जोड्नु | २२४ |
| ५.३.१.८ | सरकारी वकील र अनुसन्धान अधिकृतको मिलेमतोमा | २२४ |
| ५.३.१.९ | भनसुन वा सोर्सफोर्स | २२५ |
| ५.३.१.१० | उच्च अधिकारीको आदेश | २२५ |
| ५.३.१.११ | उपहार वा कोशेली प्रदान तथा सहयोग | २२७ |
| ५.३.१.१२ | राजनैतिक प्रभाव (हस्तक्षेप) | २२८ |
| ५.३.१.१३ | साझेदारीमा व्यापार वा सहकार्य | २२८ |
| ५.३.१.१४ | पारिवारिक दवाव | २२९ |
| ५.३.२ | प्रभावित भएपछिका क्रियाकलापहरु | २३० |
| ५.३.२.१ | प्रभावहिन अनुसन्धान गराउने | २३० |
| ५.३.२.२ | सबुदप्रमाण नष्ट पार्ने | २३१ |
| ५.३.२.३ | साक्षीलाई तयार नवनाउने | २३१ |
| ५.३.२.४ | अभियोगपत्र फितलो बनाइदिने | २३२ |
| ५.३.२.५ | दावी गर्नुपर्ने दण्डसजाय दावी नगर्ने | २३३ |
| ५.३.२.६ | प्रतिवादी वनाउनुपर्नेलाई प्रतिवादी नवनाउने | २३४ |
| ५.३.२.७ | आंशिक प्रतिवादीहरुलाईमात्र मुद्दा चलाइदिने | २३४ |
| ५.३.२.८ | मुद्दा नचलाउने निर्णय गर्ने | २३५ |
| ५.३.२.९ | मुद्दाको प्रभावकारी वहस पैरवी नगर्ने | २३६ |
| ५.३.२.१० | मुद्दा फिर्ता लिनको लागि सिफारिस गर्ने | २३६ |
| ५.३.२.११ | सरकारलाई गलत सल्लाह दिने | २३७ |
| ५.३.२.१२ | तलवी मानसिकतामा काम गर्ने | २३८ |
| ५.३.२.१३ | साक्षीको वयान गराउने सम्वन्धमा | २३८ |
| ५.३.३ | यसबाट उत्पन्न असर | २३९ |
| ५.२.३.१ | अभियुक्तले आपराधिक दायीत्वबाट उन्मुक्ति पाउने | २३९ |
| ५.२.३.२ | भ्रष्टहरुको मनोबल बढने | २३९ |
| ५.२.३.३ | अपराधीको आपराधिक मनोभावनामा बृद्धि | २४० |
| ५.२.३.४ | सरकारी वकील प्रतिको जनविश्वास समाप्त | २४० |

५.२.३.५ कानूनी राज्यको अवधारणा असफल २४१
५.४ न्यायपालिका २४१
५.४.१ अदालतमा हस्तक्षेप, बदनियत र पक्षपात हुनसक्ने अवस्थाहरु २४१
५.४.१.१ आर्थिक लाभ (भ्रष्टाचारबाट प्रभावित) भएमा २४१
५.४.१.२ राजनैतिक हस्तक्षेप २४३
५.४.१.३ प्रशासनिक हस्तक्षेप २४४
५.४.१.४ भोजभतेर वा पिकनिक २४५
५.४.१.५ जुवातास लगायतका खेल २४५
५.४.१.६ मदिरा सेवन २४६
५.४.१.७ सुन्दरी (भोगविलास) को सुविधा २४७
५.४.१.८ नियमित भेटघाट वा सम्पर्क २४७
५.४.१.९ नातावाद क्रिपावाद अर्थात् नयाँ नाता सम्वन्ध जोड्नु २४८
५.४.१.१० सरकारी वकीलको मिलेमतोमा २४९
५.४.१.११ भनसुन वा सोर्सफोस २५०
५.४.१.१२ उच्च अधिकारीको आदेश २५०
५.४.१.१३ उपहार वा कोशेली प्रदान तथा सहयोग २५१
५.४.१.१४ पारिवारिक दवाव २५२
५.४.२ परिणाम प्रभावित भएपश्चातका क्रियाकलापहरु २५२
५.४.२.१ मनोगतरुपमा मुद्दा छिन्ने २५२
५.४.२.२ अभियुक्तलाई सफाई दिने र धरौटिमा छाड्ने २५३
५.४.२.३ प्रमाणमा लिनुपर्ने कुरालाई प्रमाणमा नलिने २५४
५.४.२.४ मुद्दा फिर्ता लिने २५५
५.४.२.५ पूर्वाग्रही बन्ने २५७
५.४.२.६ व्यक्तिगत हितका पक्षमा लाग्ने २५८
५.४.२.७ थुनामा राखेर मुद्दाको पूर्पक्ष गर्नुपर्नेमा तारेखमा राखेर मुद्दाको पुर्पक्ष गर्ने आदेश दिने २५९
५.४.३ प्रभावित भएपश्चातका असरहरु २५९
५.४.३.१ अभियुक्तले सफाई पाउने २५९
५.४.३.२ न्यायालयप्रतिको जनविश्वासमा कमी २६०
५.४.३.३ इमान्दार न्यायाधिशमा विचलनता आउने २६०
५.४.३.४ कानूनी राज्यको अवधारणा धारासायी हुने २६१
५.४.३.५ अपराधजन्य कामले प्रोत्साहन पाउने २६१
५.४.३.६ पीडितपक्षको बाहुल्यता भई बिद्रोहको अवस्था सिर्जना हुने २६१
५.५.१ फैसला कार्यान्वयन तहमा हस्तक्षेप, बदनियत र पक्षपात हुनसक्ने अवस्थाहरु २६२

| | | |
|---|---|---|
| ५.५.१.१ | आर्थिक लाभ (भ्रष्टाचारबाट प्रभावित) भएमा | २६२ |
| ५.५.१.२ | भोजभतेर वा पिकनिक | २६२ |
| ५.५.१.३ | जुवातास लगायतका खेल | २६३ |
| ५.५.१.४ | सुरासुन्दरीको प्रयोग | २६३ |
| ५.५.१.५ | नातावाद कृपावाद अर्थात् नयाँ नाता सम्वन्ध जोड्नु | २६४ |
| ५.५.१.६ | उच्च अधिकारीको आदेश | २६४ |
| ५.५.१.७ | उपहार वा कोशेली प्रदान तथा सहयोग | २६४ |
| ५.५.१.८ | राजनैतिक प्रभाव (हस्तक्षेप) | २६५ |
| ५.५.१.९ | समाजका लव्ध प्रतिष्ठित व्यक्तिको दवाव | २६५ |
| ५.५.२ | फैसला कार्यान्वयन तहमा हुने हस्तक्षेप, बदनियत र पक्षपात बाट प्रभावित भएपश्चात्का क्रियाकलापहरु | २६६ |
| ५.५.२.१ | गलतरुपमा अभिलेख राख्ने | २६६ |
| ५.५.२.२ | कैदीलाई भाग्न उम्कन सहयोग गर्ने | २६६ |
| ५.५.२.३ | अपराधीले पूरै दण्डसजाय भोग्नबाट उन्मुक्ति पाउने वातावरण निर्माण | २६७ |
| ५.५.२.४ | विरामी भएको बहानामा जेल बाहिर बस्ने वातावरण निर्माण | २६७ |
| ५.५.२.५ | माफी मिनाहा दिलाउन सहयोग गर्ने | २६८ |
| ५.५.३ | प्रभावित भएपश्चातका असरहरु | २६८ |
| ५.४.३.१ | कारागारलाई नै घर सरहको सुविधा सम्पन्न बनाउने | २६८ |
| ५.४.३.२ | अपराधीले पूरै दण्डसजाय भोग्नबाट उन्मुक्ति पाउने | २६८ |
| ५.४.३.३ | विरामी भएको बहानामा जेल बाहिर बस्ने प्रचलनको शुरुवात | २६९ |
| ५.४.३.४ | माफी मिनाहा पाउने | २६९ |
| अध्याय ६ | सुझावहरु | २७१ |
| ६.१ | अनुसन्धान (प्रहरीको) तहमा | २७२ |
| ६.१.१ | योग्य अनुसन्धान अधिकारीबाट मात्र अनुसन्धान गराउनुपर्ने | २७२ |
| ६.१.२ | अनुसन्धान अधिकारीलाई अनुसन्धान र कानूनी विषयमा समयोचित तालिम दिनुपर्ने | २७२ |
| ६.१.३ | राम्रो अनुसन्धान गर्नेलाई प्रोत्साहन र नराम्रो गर्नेलाई दण्ड दिने व्यवस्था गर्नुपर्ने | २७३ |
| ६.१.४ | सरकारी वकील र प्रहरी दुवैले संयुक्त रुपमा अनुसन्धान गर्ने व्यवस्था मिलाउनु पर्ने | २७३ |
| ६.१.५ | अनुसन्धान प्रतिवेदनको मापदण्ड निर्धारण गर्नुपर्ने | २७४ |
| ६.१.६ | अनुसन्धानको लागि बैज्ञानिक साधनहरु ल्गायतका अत्याधुनिक उपकरणहरुको व्यवस्था र त्यसको यथोचित रुपमा प्रयोग गर्ने | २७४ |
| ६.१.७ | अनुसन्धान गर्ने कार्यलाई वाध्यता र बोझ सम्झनुको बदलामा जवाफदेहिता बहन गर्नुपर्ने चूनौति र सूवर्ण अवसरको रुपमा लिनुपर्ने | २७५ |

| | | |
|---|---|---|
| ६.१.८ | सरकारी वकीलले अनुसन्धान प्रतिवेदनका राम्ररी अध्ययन गरी अभियोगपत्र तयार दायर गर्न भ्याउने गरी अनुसन्धान प्रतिवेदन सरकारी वकीलसमक्ष पेश गर्ने | २७५ |
| ६.२. | अभियोजन (सरकारी वकीलको) तहमा | २७६ |
| ६.२.१ | अनुसन्धान कार्यमा सरकारी वकीलको भूमिका व्यवहारिक बनाउनुपर्ने | २७६ |
| ६.२.२ | प्रहरी र सरकारी  वकील दुवैको संयुक्त टोलीले अपराध अनुसन्धान गर्ने व्यवस्था मिलाउने | २७६ |
| ६.२.३ | अनुसन्धानलाई प्रभावहिन वनाउन खोज्ने पक्षलाई दण्डसजायको व्यवस्था हुनुपर्ने | २७७ |
| ६.२.४ | अनुसन्धान प्रतिवेदनका साथ पेश र प्राप्त भएका सवुद प्रमाण बदनियतपूर्ण रुपमा नष्ट पार्ने पक्षलाई दण्डसजायको व्यवस्था गर्ने | २७८ |
| ६.२.५ | मुद्दा चलाउने र मुद्दा चलि सकेपछि सरकारी वकीलको भूमिका प्रभावकारी हुनुपर्ने वाध्यात्मक व्यवस्था गरी त्यसको अनुगमनको समेत उचित व्यवस्था मिलाउने | २७८ |
| ६.२.६ | आंशिक अभियुक्त उपर मात्र मुद्दा चलाउने सरकारी वकीलको निर्णय यथासक्य महान्यायाधिवक्ता समक्ष पठाउने र महान्यायाधिवक्ताकहा सो को फाइल आइपुगेको मितिले निश्चित समयभित्र आंशिक मुद्दा चलाउदा प्रतिवादी नवनाइएका अभियुक्तलाई मुद्दा चलाउनुपर्ने देखिएमा मुद्दा चलाउन सकिने गरी हदम्याद सम्वन्धी कानूनी व्यवस्था मिलाउने | २७९ |
| ६.२.७ | सरकारी वकीलले मुद्दा नचलाउने गरी गरेको निर्णय यथासक्य महान्यायाधिवक्ता समक्ष पठाउने र महान्यायाधिवक्ताकहाँ फाईल पुगेको निश्चित अवधिसम्म महान्यायाधिवक्ताले मुद्दा चलाउन पाउने हदम्याद सम्वन्धी कानूनी व्यवस्था गर्ने | २८० |
| ६.२.८ | फिर्ता लिनै नमिल्ने मुद्दा फिर्ता लिन सिफारिस गरेको वा निवेदन दिएको अवस्थामा सो कुरा प्रमाणित भएमा त्यस्तो दुष्कार्यमा संलग्न पदाधिकारीलाई दण्डसजायको व्यवस्था मिलाउने | २८० |
| ६.२.९ | अभियोगपत्र गलत देखिएमा त्यसलाई संशोधन गर्न र अपूर्ण देखिएमा त्यसलाई पूर्णता दिन पुरक अभियोगपत्र दायर गर्न सक्ने कानूनी व्यवस्था निर्माण गर्ने | २८१ |
| ६.२.१० | महान्यायाधिवक्तालाई निश्चित समयसम्मको लागि सार्वजनिक सुनुवाईका आधारमा नियुक्त गर्ने व्यवस्था मिलाउने र विचमा निजलाई हटाउन निश्चित प्रकृया अपनाउनुपर्ने व्यवस्था मिलाउनुपर्ने | २८२ |
| ६.२.११ | महान्यायाधिवक्ताको समानान्तर पद रहने अन्य कुनै पद सिर्जना गर्ने जसलाई सोलिसेक्टर जनरल वा अन्य कुनै नाम दिने | २८३ |

| | | |
|---|---|---|
| ६.३. | अदालतको चरणमा | २८३ |
| ६.३.१ | सवुदप्रमाणको उचित मूल्यांकन गर्ने व्यवस्था मिलाइनुपर्ने | २८३ |
| ६.३.२ | दोषिलाई दण्डसजायको व्यवस्था गर्नुका साथै सामाजिक रुपमै बहिष्कार गर्ने | २८४ |
| ६.३.३ | न्यायिक क्रियाकलापलाई पारदर्शि र प्रभावकारी वनाउने तथा तुरुन्त निर्णय गर्ने व्यवस्था मिलाउने | २८५ |
| ६.३.४ | स्वच्छ छविका व्यक्तिलाई मात्र न्यायालयमा प्रवेश गराउने | २८५ |
| ६.३.५ | न्यायाधिश र न्यायालयका कर्मचारीहरुलाई उचित तलव सुविधाको व्यवस्था गर्ने | २८६ |
| ६.३.६ | मुद्दा फिर्ता लिदा पनि अपराधमा संलग्न नभएकाहरुको हकमा आंशिक फिर्ता लिने व्यवस्था मिलाउनुपर्ने | २८७ |
| ६.३.७ | मुद्दा फिर्ता लिदा पनि सो अपराध नै डिसमिस नगराई तत्सम्वन्धमा थप अनुसन्धान गरी पहिचान गरिएका अभियुक्त उपर मुद्दा चलाउने व्यवस्था मिलाउनुपर्ने | २८८ |
| ६.४. | फैसला कार्यान्वयनको चरणमा | २८८ |
| ६.४.१ | चालचलनको आधारमा कैद मुक्त गर्ने कानूनी व्यवस्थालाई निरुत्साहित गर्दै लैजाने | २८८ |
| ६.४.२ | विरामीलाई विशेष अवस्थामा बाहेक कारागार बाहिर उपचार गराउने व्यवस्थाको अन्त्य गराउने | २८९ |
| ६.५ | समीक्षा | २९० |
| ६.६ | थप अनुसन्धानका लागि सम्भावित शिर्षकहरु | २९१ |
| अध्याय ७ | निष्कर्ष | २९२ |

## संक्षिप्तीकरण

| | |
|---|---|
| अ.वं. | अदालती बन्दोबस्तको । |
| का.जि.अ. | काठमाडौं जिल्ला अदालत । |
| ने.का.प. | नेपाल कानून पत्रिका । |
| जि.अ. | जिल्ला अदालत । |
| नि.नं. | निर्णय नंबर । |
| पा.टि.नं. | पादटिप्पनी नंबर । |
| पृ. | पृष्ठ । |
| स.अ. | सर्वोच्च अदालत । |
| स.अ.बु. | सर्वोच्च अदालत बुलेटिन । |
| स.अ.नि.सं. | सर्वोच्च अदालत निर्णय संग्रह। |
| त्रि.वि.वि. | त्रिभुवन विश्वविद्यालय । |